# संवत् २०७९ साल जेठ ५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०१।०७९

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेश सभाको अधिवेशन संवत् २०७९ साल जेठ ११ गते बुधबार दिनको १३:०० बजेदेखि प्रदेश सभा भवन, नदीपुरमा आरम्भ हुने गरी आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यूलाई सिफारिस गर्ने। |
| २. | शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान नियमावली, २०७९ स्वीकृत गर्ने। |
| ३. | विविध | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत (पहिलो संशोधन) कार्यविधि, २०७८ संशोधन गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## संवत् २०७९ साल जेठ १२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०२।०७९

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेशका पूर्व पदाधिकारीहरूलाई सुविधा तथा सुरक्षा उपलब्ध गराउने सम्बन्धी उपयुक्त कानून मस्यौदाका लागि कार्यदल गठन गर्ने तथा कार्यशर्त तोक्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को प्रस्तावित नीति तथा कार्यक्रम संवत् २०७९ साल जेठ २४ गते मंगलबार दिउँसो १५:०० बजे प्रदेश सभा बैठकमा सम्बोधन गर्न माननीय प्रदेश प्रमुखज्यूलाई सिफारिश गर्ने एवं नीति तथा कार्यक्रम सम्बोधनका लागि समय व्यवस्थापन गर्न गण्डकी प्रदेश सभा सचिवालयलाई लेखि पठाउने। |
| ३. | अर्थ | विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ४. | कानून, सञ्चार तथा प्रदेश सभा मामिला | गण्डकी प्रदेश सभा सचिवालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*